राजेन्द्र बहादुर
अध्यक्ष

हुन् । आत्मनिर्भरयुक्त रोजगारी प्रणालीमा अभ्यस्त हुन नसक्नु, कमजोर पूंजी तथा प्रविधिको न्यून उपलब्धता, स्थानीय स्रोत साधनको कूशल परिचालन हुन नसक्नु र अनुत्पादक जीवनशैली यहांको गरिवी तथा पछौटेपनका प्रमुख कारण हुन । तथापि यी समस्याहरुको समाधान गर्नुको विकल्प छैन र अर्थपूर्ण खोज, विश्लेषण र रणनीतिक उपायहरुको अवलम्बन गर्न सकेमा यस गाउंपालिकाको समृद्धि हाम्रै पालामा संभव रहेको छ । ।सात दशक लामो संघर्षपछि संविधान सभाबाट नेपालको संविधान जारी भएसंगै लोकतान्त्रिक गणतन्त्र, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन ।संविधानले अंगिकार गरेको तीन तहको शाशकीय व्यवस्थाले सिहंदरवारको अधिकार गाउँ गाउँमा स्थापित भएको छ । दुई दशक लामो रिक्तता पछि स्थानीय तहको निर्वाचनको दोस्रो चरण सम्पन्न भइ बान्नीगढी जयगढ गाउँपालिकामा समेत स्थानीय सरकार स्थापित भएको अवस्था छ । यद्यपि नीति नियम एवं कानूनहरुको अभाव, अत्यावश्यक कर्मचारीहरुको समेत अभावका साथै अन्य स्रोत साधनको न्युनताका बीच यस गाउँपालिकाले आफ्ना गतिविधिहरु संचालन गरीरहेको विधितै छ ।

**सम्मानित गाउंसभाका सभाध्यक्ष महोदय,**

वार्षिक नीति तथा बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनोटमा समावेशिता तथा समानूपातिकताको सिद्धान्त अवलम्बन गरिएको छ । साथै नेपालको संविधानले सिर्जना गरेका राज्यका मार्गनिर्देशक सिद्धान्त, राज्यका नीति तथा दायित्वहरु, चौधौ योजनाको आधारपत्रले बोकेका दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा प्राथमिकताहरु, राज्यले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु, संघीय सरकारबाट प्राप्त मार्ग निर्देशन तथा स्थानीय तह बजेट तर्जूमा दिग्दर्शन, २०७४ लाई मुल आधारको रुपमा लिईएको छ ।

***योजना प्राथमिकीकरणका आधारहरु :***

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा देहाय बमोजिमका आधारहरु आत्मसाथ गरिएको व्यहोरा यस सम्मानित गाउंसभालाई अवगत गराउन चाहान्छु ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

- आर्थिक विकास र गरिवी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- उत्पादनमुलक र छिटो नतिजा दिने ।
- राजश्व परिचालनमा योगदान पुऱ्याउने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि हुने ।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
- दीगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने ।
- स्थान विशेषको संस्कृति पहिचान र प्रवर्द्धन हुने ।

**सम्मानित गाउंसभाका सभाध्यक्ष महोदय,**

समग्रमा यस बजेट तथा कार्यक्रमले देहायका सोच, लक्ष्य, उद्देश्य लिएको छ ।

**सोचः**

"स्थानीय सरकार : समृद्धिको आधार" सहितको गाउँपालिका बनाउने ।

**लक्ष्यः**

यस गाउँपालिकाको सामाजिक आर्थिक सूचकाङ्कहरु उच्चतम तुल्याउदै नगरपालिकामा स्तरोन्नती गर्ने ।

**उद्देश्यः**

- आर्थिक क्रियाकलापको विकास र विस्तार गर्ने, आय र रोजगारी वृद्धि गर्ने तथा गरिवी घटाउने ।
- अवसरको सिर्जना, सक्षमता अभिवृद्धि, सामाजिक संरक्षण गर्ने ।
- सवै गाउंपालिका वासीलाई गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउने ।
- उत्पादकत्व र उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने ।
- स्थानीय सरकारको अवधारणालाई मूर्त रुप दिई संघीयताको मर्मलाई आम गाउपालिका वासीमा प्रत्याभूति गराउने ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

सभाध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७४/७५ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालू आर्थिक वर्षका लागि रु २२ कारोड ६ लाख २५ हजार १ सय ३९ रुपैया २२ पैसा विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रु १० करोड ५१ लाख ६२ हजार १ सय ४९ रुपैया २२ पैसा अर्थात ४७.६६ प्रतिशत र पुंजिगत तर्फ रु ११ करोड ५४ लाख ६३ हजार रुपैया अर्थात ५२.३४ प्रतिशत रहेको छ । नेपाल सरकारबाट सर्शत अनुदानको रुपमा प्राप्त रु ७ करोड ४३ लाख ६० हजार लाई चालु तर्फ राखिएकोले चालू खर्चको अंश बढि देखिएको हो ।

चालू आर्थिक बर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदानको रुपमा प्राप्त रु १३ करोड ७३ लाख १६ हजार, सर्शत अनुदान को रुपमा प्राप्त रु ७ करोड ४३ लाख ६० हजार र गत वर्षको नगद बाकी मौज्दात रु ५९ लाख ४९ हजार १ सय ३९ रुपैया २२ पैसा रहेको छ । भने आन्तरिक राजश्वको रुपमा रु ३० लाख उठाउने अनुमान गरेको छु ।

कृषि तथा पशु कार्यक्रमका लागि वित्तीय समानिकरण अनुदानमा समाहित भएर आएको बजेट लाई वडाहरुको कार्यक्रमहरुमा समेत प्रतिविम्वित हुने गरि ती कार्यक्रमहरुका लागि तदनुरुप नै विनियोजन गरिएको छ । जसमध्ये कृषि तर्फको रु ४६ लाख १३ हजार रुपैया, पशु तर्फको रु १५ लाख ८ हजार १ सय ४० रुपैया रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

वित्तीय समानिकरण तर्फको बजेट मध्ये गाउपालिकाको कार्यक्रमका लागि रु ८ करोड २९ लाख ३६ हजार ६ सय ३९ रुपैया २२ पैसा रहेको छ । जसमा गाउपालिकाको लागि चालु रु २ करोड ४१ लाख ६४ हजार ६ सय ३९ रुपैया २२ पैसा र पूजीगत तर्फ रु ५ करोड ८७ लाख ७२ हजार विनियोजन गरेको छु । यसैगरी वडाहरुको कार्यक्रमका लागि रु ६ करोड ३३ लाख २८ हजार ५ सय रुपैया विनियोजन गरेको छु । जसमा वडा कार्यालयको चालु तर्फ रु ६६ लाख ३७ हजार ५ सय र पूजिगत तर्फ रु ५ करोड ६६ लाख ९१ हजार रुपैया विनियोजन गरेको छु ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

सम्मानीत सभाध्यक्ष महोदय,

अब म यस गाउपालिकामा विनियोजित शसर्त बाहेकको रकमलाइ क्षेत्रगत कार्यक्रमका रुपमा विनियोजन गरी ती क्षेत्र अन्तर्गतका गाउ गौरवका योजनाका बारेमा प्रस्तुतिकरणको अनुमति चाहन्छु ।

## आर्थिक विकास

आर्थिक विकासका लागि १ करोड ४१ लाख ६० हजार २ सय रुपैया विनियोजन गरेको छु । यस गाउँपालिकाले आर्थिक विकासका लागि कृषिलाई रणनैतिक उपायको रुपमा ग्रहण गरिको छ । कृषि क्षेत्र विकासका लागि रु ४६ लाख १३ हजार विनियोजन गरेको छु । यसै विनियोजनमा छातासेनलाइ कृषि पर्यटन केन्द्रका रुपमा विकास गर्ने योजना पनि सामेल गरेको छु । पशु बिकास तर्फ रु ३१ लाख ७८ हजार ५ सय विनियोजन गरेको छु । बान्नीगढी मन्दिर क्षेत्रलाइ धार्मिक पर्यटन केन्द्रका रुपमा विकास गर्न रु ५० लाख विनियोजन गरेको छु । कृषि विकासका लागि सहकारीलाई माध्यमको रुपमा स्थापित तूल्याउन सहकारी प्रवर्दनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । प्रत्येक वर्ष २ जना उत्कृष्ठ कृषकहरुलाइ जनही ५०/५० हजार रुपियाको गाउपालिका अध्यक्ष उत्कृष्ठ कृषक पुरस्कार दिने व्यवस्थाका लागि बजेट विनियोजन गरेको छु ।

गाउँपालिकामा पर्यटनको संभाव्यता अध्ययन गर्न बजेट विनियोजन गरेको छु । विशेष गरी धार्मिक तथा पर्यावरणीय पर्यटनलाई प्रवर्दन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न आवश्यक व्यवस्था गरेको छु ।

## सामाजिक विकास

सामाजिक विकास तर्फ रु ३ करोड ७८ लाख ३५ हजार ८ सय विनियोजन गरेको छु । गुणस्तरीय शिक्षा मानवीय पुजि निर्माणको न्यूनतम शर्त भएकाले विद्यालयको शैक्षिक प्रणालीमा सुधार ल्याईनेछ । जेहेन्दार, विपन्न, सीमान्तकृत, लक्षित समुदायका बालबालिकाको पढाईलाई टेवा पूऱ्याउन हरेक वर्ष २ जना छात्र र छात्रालाइ ५०/५० हजार राशीको विद्या पदक दिने व्यवस्था गरेको छु । गाउपालिकामा एक विद्यालयलाइ नमुनाको रुपमा विकास गर्दै लैजान रु १० लाख विनियोजन गरेको छु । ऐश्वर्य मा.वि. भवन निर्माणका लागि रु. १० लाख विनियोजन गरेको छु ।

Rasanu
राजेन्द्र बहादुर खड्का
अध्यक्ष

विपन्न एवं गम्भिर रोगीहरुका लागि सहायता कोषको स्थापना गरेको छु ।

यस गाउपालिकामा रहेका ऐतिहासिका धार्मिक सम्पदाहरुको स्तरोन्ती एवं संरक्षणका लागि रु. २३ लाख विनियोजन गरेको छु ।

स्वास्थ्य सेवालाइ आधारभुत रुपमा गाउपालिका बासीसम्म पुर्‍याउन रु ६० लाख विनियोजन गरेको छु । मातृशिशू स्याहारलाई उच्च प्रामिकतामा राखेको छु । साथै बहुक्षेत्रीय पोषण योजनाको नतिजामुलक कार्यान्वयनमा जोड दिएको छु । नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस बान्नीगढी जयगढ गाउँपालिकाले उच्च प्राथमिकतामा राख्ने छ । सोही अनुरुप आ.ब. २०७४।०७५ को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट रु.११ लाख १० हजार र यस गाँउपालिकाले छुट्याएको समपुरक रकम समेतलाई क्षेत्रगत बिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरीने छ ।

स्वच्छ खानेपानीमा सम्पुर्ण गाउपालिकाबासीहरुको पहुच सुनिश्चितताका लागि गाउपालिका बृहत खानेपानी योजना संचालन गर्न रु ६५ लाख विजियोजन गरेको छु । साथै वडा नं ६ दर्नामा संचालित ग्रमिण जलस्रोत परियोजना तेस्रो चरण लाइ प्रभावकारी बनाउन परियोजनाले विनियोजन गरेको रकमका अतिरिक्त यस गाउपालिकाले उक्त परियोजनाका लागि आवश्यक समपुरक कोषको व्यवस्था गरेको छ ।

खेलकुद क्षेत्र विकासका गाउँपालिकामा रु १० लाख विनियोजन गरेको छु ।

महिला, दलित एवं लक्षित वर्ग कार्यक्रमका लागि रु. २२ लाख ५० हजार विनियोजन गरेको छु ।

बाल बालिका एवं अपाङ्गहरुको शसक्तिकरण एवं क्षमता विकासका लागि रु. ३ लाख ५० हजार विनियोजन गरेको छु ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

## पुर्वाधार विकास

गाउँपालिकामा पूर्वाधार विकास तर्फ रु ५ करोड १६ लाख १२ हजार रुपैंया विनियोजन गरेको छु । जयगढ बिच बजार सडक स्तरोन्नतिका लागि रु. ३८ लाख ५० हजार विनियोजन गरेको छु । जयगढ-कालिका-दर्ना-रामारोशन सडकका लागि रु. ३९ लाख विनियोज गरेको छु ।

जयगढ छातासैन सडकको स्तरोन्नतीका लागि रु. ४० लाख विनियोजन गरेको छु । जयगढ बजारमा अतिथि गृह एवं सार्वजनिक शौचालय तथा बसपार्कलाई यात्रु प्रतिक्षालय सहित व्यवस्थित गर्न रु. २५ लाख विनियोजन गरेको छु ।

कोटघर गाज्रा ग्रामिण सडकका लागि रु. १४ लाख र गाज्रा बड्डेखेत ग्रामिण सडकलागि रु. १४ लाख ५० हजार विनियोज गरेको छु ।

जनालीकोटमा गाउपालिका प्रवेश द्वार निर्माणका लागि रु. ७ लाख विनियोजन गरेको छु ।

जयगढ बेल्पाटा ग्रामिण सडकका लागि रु. २० लाख र जयगढ नन्देगडा ग्रामिण सडक्का लागि रु. १० लाख विनियोजन गरेको छु ।

रनेपाटा देखि तिमल्सैन वडा कार्यालय सम्मको सडक स्तरोन्ती गर्न रु. ६ लाख विनियोज गरेको छु ।

वडमा रोटेमाडु देखि सान्निकोट आ.बि. सम्मको ग्रामिण सडकका लागि रु. ७ लाख बिनियोजन गरेको छु ।

रामारोशन काडाकोट सडक ट्याक निर्माणका लागि रु. १० लाख विनियोज गरेको छु ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

## वातावरणीय तथा विपद व्यवस्थापन

वातावरण तथा विपद व्यवस्थापन शीर्षकमा रु ३४ लाख रुपैया विनियोजन गरेको छ । विपद व्यवस्थापन प्रणालीलाई मजबुत तुल्याउन गाउंपालिका स्तरमा विपद व्यवस्थापन कोष स्थापना गरी रु १५ लाख बिनियोजन गरेको छ ।

फोहोरमैला व्यवस्थापनका लागि रु. १४ लाख विनियोज गरेको छ ।

साथै फोहोरमैला व्यवस्थापनलाई अवमूल्यन गर्नेहरुलाई दण्डित गर्ने प्रणाली अवलम्बन गरिनेछ । बन तथा भूसंरक्षण सम्बन्धी क्रियाकलाप संचालन गर्न रु. ३ लाख बिनियोजन गरेको छ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

संस्थागत विकास तथा सेवा प्रवाह एवं सुशासनका लागि रु ८४ लाख ५५ हजार विनियोजन गरेको छ ।

पंजिकरण कार्यलाई अनलाईनमा प्रविष्टि गरिने छ । साथै गाउंपालिकाका सवै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख इन्टरनेटमा अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक व्यवस्था गरेको छ ।

गाउंपालिका कार्यालय तथा वडा कार्यालयहरुमा नागरिक बडापत्र राख्न आवश्यक बजेट व्यवस्था गरेको छ ।

गाउंपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा पुर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण तथा दृश्यचित्र तयार गर्न रु. १० लाख विनियोज गरेको छ ।

जयगढ बजारमा वाई फाई हटस्पट निर्माणका लागि रु. ३ लाख बिनियोजन गरेको छ ।

मानव संसाधान विकासका लागि विविध सीप विकास कार्यक्रम संचालन गर्न रु. ५ लाख विनियोज गरेको छ ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

गाउपालिकामा एक् समपूरक कोषको व्यवस्था गरेको छु । जसका लागि रु. २५ लाख विनियोजन गरेको छु ।

सूशासनका आधारस्तम्भका रुपमा रहेका जनसहभागिता, पारदर्शिता, पुर्वानुमानयोग्यता र जवाफदेहिता प्रवर्दन गर्ने कार्यका लागि बजेट विनियोजन गरेको छु ।

**सम्मानित गाउसभाका सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आफ्नै स्रोतबाट सम्पन्न गर्न कठिनाई हुने एवं वित्तीय समानिकरण अनुदानका रुपमा आएको रकम समेत अपर्याप्त हुने केही गाउँ गौरबका योजना लाई केन्द्र एवं प्रदेश सरकार सँग बजेट माग गर्ने गरी प्रस्तावित योजनाहरुको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**बान्नीगढी जयगढ गाउँपालिका अन्तरगत प्रदेश तथा केन्द्रमा प्रस्ताबित योजना**

| क.सं. | संकेत न. | प्रस्तावित योजना तथा कार्यक्रम | अनुमानित बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | | जयगढ बेल्पाटा चाफाधारा सडक | | |
| २ | | बयालपाटा गाज्रा नन्देगडा ग्रामिण सडक | | |
| ३ | | धम्कोट प्राबि ४ कोठे भवन | | |
| ४ | | सरस्वती माबि को १२ कोठे भवन | | |
| ४ | | जनज्योती आधारभुल विद्यालय ८ कोठे भवन निर्माण | | |
| ५ | | नन्दा प्रा बि ४ भवन निर्माण | | |
| ६ | | नाउले भिडेगडा सिचाईकुलो | | |
| ७ | | सेरा ठकुल्ली बाडा सिचाई कुलो | | |
| ८ | | छिपेखोला सैन सिचाई कुलो | | |
| ९ | | महिला सामुदायिक भवन निर्माण बरदादेबी | | |
| १० | | धारासैन सिचाई नहर | | |
| ११ | | जयगढ बसपार्क निर्माण | | |
| १२ | | दर्ना स्वास्थ्य भवन | | |
| १३ | | दर्ना वडा कार्यालय देखि चण्डाली सम्म सडक निर्माण | | |
| १४ | | सिलाने थाप्सा सिचाई | | |
| १५ | | डौठेगडा बरदादेबि मन्दिर निर्माण | | |
| १६ | | माझ्ठेठाना विधालय को ४ कोठे भवन | | |
| १७ | | छिपेखोला झोलुगे पुल वडा न.३ | | |
| १८ | | सेरी तट्बन्धन | | |
| १९ | | पाटेखेत झोलुगे पुल | | |
| २० | | ऐश्वर्य माबि ८ कोठे भवन निमाृण | | |
| २१ | | सिलेनाखोल झलुगे पुल | | |
| २२ | | कोसेडा तट्बन्धन | | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २३ | | दर्ना बिजुली नहर निर्माण | | |
| २४ | | राष्टभाषा ४ कोठे भवन निर्माण | | |
| २५ | | गाज्रा स्वास्थ्य चौकी घेरा पर्खाल | | |
| २६ | | दलित सामुदायिक भवन गाज्रा | | |
| २७ | | सेरा सीचाई नहर गाज्रा | | |
| २८ | | दर्ना खेल मैदान | | |
| २९ | | जयगढ स्वास्थ्य चौकी भवन निर्माण | | |
| ३० | | धारासैन बिधुतलाईन बिस्तार | | |
| ३१ | | गोरही तट्बन्धन दर्ना | | |
| ३२ | | पाटेखेत तट्बन्धन दर्ना | | |
| ३३ | | ल्वारखेत सिचाई कुलो बरदादेबी | | |
| ३४ | | गैराखेत सिचाई कुलो बरदादेबी | | |
| ३५ | | रान खोला खा.पा. | | |
| ३६ | | अलकनन्दा मा.बि. ६ कोठे भवन | | |
| ३७ | | घट्टेपाटा तटबन्धन | | |
| ३८ | | नावली तटबन्धन | | |
| ३९ | | हिउदीमा तटबन्धन | | |
| ४० | | बर्थिङ्ग सेन्टर | | |
| ४१ | | तामाटुप्पा सिचाई कुलो | | |
| ४२ | | छातासैन ताल संरक्षण | | |
| ४३ | | मेलसेन सि. पोखरी | | |
| ४४ | | छिपेखोला तटबन्धन | | |
| ४५ | | देलेआम सि.पो. | | |
| ४६ | | सालतोला सि.पो. | | |
| ४७ | | सिलाने खोला गडेली खेत सैन सिचाई कुलो | | |
| ४८ | | बड्डी खोला सेरा सिचाई कुलो | | |
| ४९ | | बोक्साड सिचाई कुलो | | |
| ५० | | बिल्थम बिन्द्रा वासिनी मन्दिर निर्माण | | |
| ५१ | | धमेनी खोला ओलुङ्गे पुल | | |
| ५२ | | मुहान मोती बगर सैन सि.कु. | | |
| ५३ | | सामुदायिक बन दर्निमा नर्सरी वृक्षा रोपन | | |
| ५४ | | मंग्रा सुनारकोट सिंचाई पोखरी | | |
| ५५ | | कोट पिपल घेरा प्रखाल तथा ग्राउन्ड | | |
| ५६ | | जनालीकोट डिप बोरिङ्ग | | |
| ५७ | | कोडीखोला तटबन्धन | | |
| ५८ | | कैलास खोला तटबन्धन | | |
| ५९ | | कैलास खोला सिचाई पोखरी | | |
| ६० | | स्वास्थ्य चौकी भवन २ नं. | | |
| ६१ | | रेडियो नेपाल टावर | | |
| ६२ | | ल्याण्लाइन टेलिफोन | | |
| ६३ | | प्रहरी चौकी भवन | | |
| ६४ | | GSM मोबाइल टावर | | |
| ६५ | | बान्नीगढी मन्दिर केवल कार | | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६६ | | बिद्युत लाइन विस्तार पुरै गाउँपालिका भरि | | |
| ६७ | | १५ शैयाको अस्पताल | | |
| ६८ | | प्राविधिक शिक्षालय | | |
| ६९ | | बारुण यन्त्र | | |
| ७० | | एम्बुलेन्स | | |
| ७१ | | कोल्डस्टोर | | |
| ७२ | | थर्पूकट्या किकेट स्टेडियम | | |
| ७३ | | बान्नीगढी मन्दिर भू टावर | | |
| ७४ | | सुकिभाव लिडी वडा कार्यालय खारगडा करीडोर सडक निर्माण | | |
| ७५ | | जाल्पादेवि पर्या पर्यटन विकास | | |
| ७६ | | थालाकोट किकेट स्टुडियम निर्माण | | |
| ७७ | | सागुरे खट्टेखोला भ्वानथान तट्वन्धन निर्माण | | |
| ७८ | | बर्काना बाच्कोट अदुवा आलु पकेट क्षेत्र | | |
| ७९ | | शान्नीकोट सिचाई कुलो | | |
| ८० | | लिडी बाहुनगाउँ सुगाली तरकारी पकेट क्षेत्र निर्धारण | | |
| ८१ | | मातडा खारगडा तट्वन्धन | | |
| ८२ | | शान्नीकोट ४ कोठे भवन निर्माण | | |
| ८३ | | नन्दा उ.मा.वि. छात्रावास निर्माण | | |
| ८४ | | स्वास्थ्य चौकी घेरा पर्खाल एम्बुलेन्स | | |
| ८५ | | वडा कार्यालय भवन निर्माण | | |
| ८६ | | जयगढ माझ्ठाना ग्रा.स. स्तर उन्नती | | |
| ८७ | | तिमिल्सैन रामारोशन पर्यटक सडकको स्तर उन्नती | | |
| ८८ | | विरखम्म ३ फेजको लाईन जडान । | | |
| ८९ | | भालुमारे प्राविधिक विद्यालय स्थापनाको लागि पूर्वाधार विकास | | |
| ९० | | बाखा, भैसी पालन व्यावसाय | | |
| ९१ | | सागुरे, गुडेआम घट्टेखोला झ.पु. | | |
| ९२ | | नन्दा मा.वि. घेरा पर्खाल निर्माण | | |
| ९३ | | जयगढ नन्देगडा गा.स. | | |
| ९४ | | जयगढ छातासैन सुतार गा.स. | | |
| ९५ | | छातासैन षोडषा ऋषिदह गा.स. | | |

यसै गरी सशर्त अनुदानबाट आएको रकम तलब भत्ता एवं तोकिएका शिर्षकहरुमा अपर्याप्त हुने आकलन यस गाउ सभाले गरेकाले सो रकम अपुग भएमा थप अनुदान केन्द्र सरकार संग माग गर्ने बिषय यो सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

**सम्मानिय गाउसभाका सभाध्यक्ष महोदय,**

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तह कार्यान्वयनमा आए संगै यो गाउपालिका भोक, रोग, गरिवी, पछौटेपन र आर्थिक समाजिक विभेद विरुद्धको संघर्ष र समृद्धि प्राप्तिको चरणमा प्रवेश गरेको छ । यो प्रयास प्राप्तिका लागि सम्पूर्ण गाउपालिकावासीहरु एउटै मंचमा आबद्ध हुनुपर्ने अवस्था आएको छ । लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजबाद उन्मूख अर्थतन्त्र स्थापना गर्न अव सामाजिक आर्थिक क्षेत्रमा फड्को मार्नै पर्ने अवस्था आएको छ ।

यो बजेट कार्यान्वयनमा आएसंगै गाउपालिका न्याय पूर्ण सामाजिक विकास संगै समृद्धिको नयां चरणमा प्रवेश गर्नेछ । यस वजेटले स्थानीय स्तरमा आत्मानिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकासलाई पनि दरिलो तुल्याई समृद्ध गाउपालिका निर्माणका लागि आधार तय गर्ने विषयमा गाउपालिका आशावादी छ ।

स्थानीय तह बन्दै गर्दा गाउपालिकाबासीका आकाक्षां पनि उर्लदा छन । सिमित स्रोतका बीचबाट नागरिकका असिमित आवश्यकता पुरा गर्ने विषय निश्चय नै चुनौतीपूर्ण विषय हो । तथापि गाउपालिकाबासी आम जनसमूदाय, राजनैतिक दलको रचनात्मक सहयोग र सद्भाव भएमा पनि चुनौतिका वीचमा अवसरका अनेकन संभावना छन भन्ने कुरामा गाउपालिका विश्वस्त छ ।

अन्त्यमा यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने गाउपालिकाका अध्यक्ष, वडाध्यक्ष ज्युहरु, गाउ सभाका सदस्य ज्युहरु, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरु, समाजसेवी बुद्धजिवीहरु, गाउ कार्यपालिकाको कार्यालयका कार्यकारी अधिकृत एव सम्पुर्ण कर्मचारीहरु प्रति विशेष धन्यवाद दिन चाहन्छु । “समृदिको आधार : बान्नीगढी सरकार” भन्ने यस गाउपालिकाको नारा लाइ सार्थक बनाउन सवै गाउपालिकाबासीको रचनात्मक सहयोगको आशा गर्दै माता बान्नीगढीले हामी सवैको रक्षा गरुन ।

धन्यवाद ।

लोक बहादुर साउद
गाउंपालिका उपाध्यक्ष
बान्नीगढी जयगढ गाउंपालिका

Rasams
राजेन्द्र बहादुर खड्का
अध्यक्ष

बान्नीगढी जयगढ गाउँपालिका

आ.ब. २०७४/०७५ को आय व्यय

## जम्मा आय आ.व. ०७४।०७५

| सि.नं. | स्रोत | रकम |
|---|---|---|
| १ | अ ल्या | ५९४९१३९.२२ |
| २ | अनुमानित आन्तरीक आय | ३००००००.०० |
| ३ | वित्तीय समानीकरण | १३७३१६०००.०० |
| ४ | सशर्त अनुदान | ७४३६००००.०० |
| | **जम्मा** | २२०६२५१३९.२२ |

## जम्मा व्यय आ.व. ०७४।०७५

| | | |
|---|---|---|
| १ | चालु | १०५१६२१३९.२२ |
| २ | पुजिँगत | ११५४६३०००.०० |
| | **जम्मा** | २२०६२५१३९.२२ |

चालु अन्तर्गत

| | | |
|---|---|---|
| १ | सशर्त चालु | ७४३६००००.०० |
| २ | नि सशर्त चालु | ३०८०२१३९.२२ |
| | **जम्मा** | १०५१६२१३९.२२ |

बहादुर खड्का
अध्यक्ष

# बान्नीगढी जयगढ गाउँपालिका

## चालु खर्चतर्फ बिनियोजित बजेट

| सि.नं. | शिर्षक | गा.पा | वडा | जम्मा |
|---|---|---|---|---|
| 1 | तलब | ५००००००.०० | | ५००००००.०० |
| 2 | स्थानीय भत्ता | १००००००.०० | | १००००००.०० |
| 3 | महंगी भत्ता | २०००००.०० | | २०००००.०० |
| 4 | पोषाक | ११२५००.०० | | ११२५००.०० |
| 5 | पानी तथा बिजुली | १०००००.०० | १२००००.०० | २२००००.०० |
| 6 | संचार महसुल | ३५००००.०० | ४५००००.०० | ८०००००.०० |
| 7 | ईन्धन | ७०००००.०० | १४४०००.०० | ८४४०००.०० |
| 8 | घर भाडा | ८०००००.०० | १४८५००.०० | ९४८५००.०० |
| 9 | संचालन तथा मर्मत खर्च | ५०००००.०० | २१६०००.०० | ७१६०००.०० |
| 10 | बिमा | २०००००.०० | ३०००.०० | २०३०००.०० |
| 11 | कार्यालय संचालन खर्च | २५०००००.०० | १२०००००.०० | ३७०००००.०० |
| 12 | परामर्श सेवा | २००००००.०० | | २००००००.०० |
| 13 | अन्य सेवा शुल्क | १००००००.०० | १५०००००.०० | २५०००००.०० |
| 14 | अनुगमन मुल्यांकन खर्च | २००००००.०० | ६०००००.०० | २६०००००.०० |
| 15 | भ्रमण खर्च | ३०००००.०० | | ३०००००.०० |
| 16 | विविध खर्च | २७०२१३९.२२ | ३६००००.०० | ३०६२१३९.२२ |
| 17 | ईन्धन तथा अन्य प्रयोजन | २०००००.०० | | २०००००.०० |
| 18 | अन्य भत्ता | २००००००.०० | १२९६०००.०० | ३२९६०००.०० |
| 19 | कार्यक्रम खर्च | १५०००००.०० | ६०००००.०० | २१०००००.०० |
| 20 | अन्य भाडा | ५०००००.०० | | ५०००००.०० |
| 21 | कर्मचारी तालीम | ५०००००.०० | | ५०००००.०० |
| | **जम्मा** | **२४१६४६३९.२२** | **६६३७५००.००** | **३०८०२१३९.२२** |

# बान्नीगढी जयगढ गाउँपालिका

## गाउँपालिका स्तरबाट संचालन हुने पूजिगत कार्यक्रम

| | | | |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| १ | कृषि विकास कार्यक्रम | २५७३०००.०० | अनुसार विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| २ | पशु विकास कार्यक्रम | १६४९०००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| ३ | बान्नीगढी मन्दिर क्षेत्र विकास | ५००००००.०० | |
| ४ | गाउँपालीका अध्यक्ष उत्कृष्ठ कृषक पुरस्कार (२ जना ) | १०००००.०० | |
| | जम्मा | ९३२२०००.०० | |
| **सामाजिक विकास** | | | |
| १ | गाउँपालिका बृहत खानेपानी योजना | ६५०००००.०० | |
| २ | नर बहादुर स्वार विद्या पदक - १ छात्र र १ छात्रा | १०००००.०० | |
| ३ | शिक्षा विकास सम्बन्धी विविध क्रियाकलाप संचालन | ४०००००.०० | |
| ४ | गाउँपालिका नमुना विद्यालय निर्माण | १००००००.०० | |
| ५ | स्वास्थ्य क्षेत्र विकास | ५०००००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| ६ | खेलकुद क्षेत्र विकास | १००००००.०० | |
| ७ | संस्कृति प्रवर्धन | २०००००.०० | |
| ८ | अपाङ्ग सहायता एवम् क्षमता अभिवृद्धी | १०००००.०० | |
| ९ | शोडषादेवी मन्दिर निर्माण | १००००००.०० | |
| १० | वरदादेवी मन्दिर नगर गाज्रा | ५०००००.०० | |
| ११ | जाल्पादेबि मन्दिर कालिका | ५०००००.०० | |
| १२ | सरस्वती मन्दिर जयगढ | ४०००००.०० | |
| १३ | विपन्न एवं गम्भीर रोगी सहायता कोष | १००००००.०० | |
| १४ | बालबालीका क्षमता विकास कार्यक्रम | १५००००.०० | |
| १५ | महिला, दलित लक्षित वर्ग कार्यक्रम | ५०००००.०० | |
| १६ | जनता बहुमुखि क्याम्पस नवनिर्माण हुने भवनलाइ सहयोग | १०००००.०० | |
| | जम्मा | १३९५००००.०० | |
| **पुर्वाधार विकास** | | | |
| १ | जयगढ बिच बजार सडक स्तरोन्नती | ३८५००००.०० | |
| २ | जयगढ-कालिका-दर्ना-रामारोशन सडक | ३९०००००.०० | |
| ३ | जयगढ-छातासेन सडक स्तरोन्नती | ४००००००.०० | |
| ४ | अतिथि गृह निर्माण | १००००००.०० | |
| ५ | जयगढ सार्वजिनक शौचालय निर्माण | ५०००००.०० | |
| ६ | सुखीबाग लिडी सडक-कालिका | ४०००००.०० | |
| ७ | हाइवे देखि पचङ्गा सडक ट्र्याक खाल्ने | ५०००००.०० | |
| ८ | जयगढ यात्रु प्रतिक्षालय | ५०००००.०० | |
| ९ | फर्निचर तथा फिक्चर्स | १६५००००.०० | |
| १० | मेशिनरी ओजार | १७०००००.०० | |
| ११ | सवारी साधन खरीद | ७२०००००.०० | |
| १२ | जयगढ बसपार्क निर्माण | ५०००००.०० | |
| १३ | बजार क्षेत्र सडक बत्ती जडान | १०००००.०० | |
| १४ | वि. पि. स्मृति भवन, अछाम निर्माण | ४०००००.०० | |
| १५ | कन्उडा सिचाई कुलो निर्माण | ४०००००.०० | |
| | जम्मा | २६६०००००.०० | |
| **संस्थागत विकास तथा सेवा प्रवाह एवम् वित्तिय व्यवस्थापन र सुशासन** | | | |
| १ | मानव संसाधन विकास-तालीम एवम् सीप विकास कार्यक्रम | ५०००००.०० | |
| २ | वडा कार्यालयमा ईन्टरनेट एवं नागरिक वडापत्र व्यवस्थापन | ५०००००.०० | |
| ३ | गउँपालिका प्रोफाइल निर्माण ...डीजिटल समेत | १००००००.०० | |

| | | | |
|---|---|---|---|
| ६ | सार्वजनिक सुनुवाइ एवं नागरिक गुनासो सुनुवाइका लागि संस्थागत विकास | १०००००.०० | |
| ७ | जयगढ बजार वाइ फाइ हटस्पट निर्माण | १०००००.०० | |
| ८ | सवै विषय क्षेत्र समेट्ने सुचनामुलक एवम् सन्देशमूलक कार्यक्रम प्रकासन प्रशारण | ३०००००.०० | |
| ९ | बान्नीगढी एफ. एफ. अनुदान | १०००००.०० | |
| १० | समपूरक कोष | २७०००००.०० | |
| | जम्मा | ५७०००००.०० | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| १ | विपद व्यवस्थापन कोष | १५०००००.०० | |
| २ | वन तथा भू संरक्षण सम्बन्धी कृयाकलाप | ३०००००.०० | |
| ३ | डम्पिङ साइट निर्माण | ५०००००.०० | |
| ४ | बजार क्षेत्र डस्टविन व्यवस्थापन | ५०००००.०० | |
| ५ | बजार क्षेत्र फोहोर मैला व्यवस्थापन सम्बन्धी विविध कृयाकलाप | ४०००००.०० | |
| | जम्मा | ३२०००००.०० | |
| | **कुल जम्मा** | ५८७७२०००.०० | |
| | | | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

# वडा नं. १

| | | | |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| १ | सहकारी क्षमता बिकास तथा अनुदान( दियालो सहकारी) | २०००००.०० | |
| २ | आधुनीक आरन मेशिन वितरण | ५००००.०० | |
| ३ | कृषि क्षेत्र विकास | २५००००.०० | केन्द्रय कार्यक्रम अनुसार विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम |
| ४ | पशु विकास | २०००००.०० | |
| | जम्मा | ७०००००.०० | |
| **सामाजिक विकास** | | | |
| १ | राष्ट्र भाषा मा वि घेरा पर्खाल | १००००००.०० | |
| २ | उदगडा बालविकास केन्द्र संचालन | ६५०००.०० | |
| ३ | त्रिपुरा प्रा वि शौक्षिक सामाग्री खरीद | ५००००.०० | |
| ४ | स्वास्थ्य क्षेत्र विकास | १००००००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम |
| ५ | मुग्रा सुनारकोट खानेपानी मुलसुधार | १५००००.०० | |
| ६ | चाखुरे खोला खानेपानी मुलसुधार | ५००००.०० | |
| ७ | गोब्रेपानी खानेपानी | ५००००.०० | |
| ८ | खेलकुद सामाग्री खरीद | १०००००.०० | |
| ९ | गैराखेत खानेपानी मुलसुधार | ५००००.०० | |
| १० | कुण्डाली सा. शौचालय | १०००००.०० | |
| | जम्मा | २६१५०००.०० | |
| **पुर्वाधार विकास** | | | |
| १ | कोटघर गाज्रा ग्रा.स. | १४०००००.०० | |
| २ | भाग्यश्वर-गाज्रा-नन्देगडा ग्रा.स | ५०००००.०० | |
| ३ | गाज्रा-बड्डेखेत ग्रा.स. | १४५००००.०० | |
| ४ | छिपेखोला झोलुंगे पुल मर्मत तथा बाटो | १०००००.०० | |
| ५ | कोटघर सार्वजनिक शौचालय निमार्ण | ३०००००.०० | |
| ६ | दय खोला सिँचाई कुलो | २५२०००.०० | |
| ७ | डाडुल्ला सिँचाई कुलो | ३०००००.०० | |
| ८ | मडेआम सिचाई पोखरी (कुण्डाली) सिचाई पोखरी निर्माण | २०००००.०० | |
| ९ | खोलाखेत सिचाँई पाईप र इन्टेक | ७५०००.०० | |
| १० | महिला सामुदायीक भवन तला थप | ५०००००.०० | |
| | जम्मा | ५०७७०००.०० | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| १ | विपद् व्यवस्थापन पुनःलाभ | ५००००.०० | |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | | |
| १ | वडा कार्यालय मर्मत | २२५०००.०० | |
| २ | मेशिनरी औजार खरीद | १०००००.०० | |
| ३ | फर्निचर खरीद | १०००००.०० | |
| ४ | रेडियो सुचना तथा सन्देश प्रशारण | ५००००.०० | |
| | जम्मा | ४७५०००.०० | |
| | **कुल जम्मा** | ८९१७०००.०० | |

# वडा नं. २

| | | | |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| १ | कृषि क्षेत्र विकास | २५००००.०० | केन्द्रिय कार्यक्रम अनुसार विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| २ | पशु विकास | १७३२००.०० | |
| ३ | महिला सहकारी भवन मर्मत | १०००००.०० | |
| | जम्मा | ५२३२००.०० | |
| **सामाजिक विकास** | | | |
| १ | ९ जनालाइ सिलाइ कटाइ तालिम | १८००००.०० | |
| २ | वालमैत्री वडा घोषणा कार्यक्रम | ५००००.०० | |
| ३ | १५ जना दलित तथा अपाङ्ग लाइ छात्रवृत्ति | ३००००.०० | |
| ४ | ज्येष्ठ नागरिकलाइ उपचार खर्च तथा सम्मान कार्यक्रम | १००००.०० | |
| ५ | उच्च शिक्षा अध्ययन छात्रवृत्ति | १०००००.०० | |
| ६ | सडक नाटक, वक्तित्वकला, हाजिरी जवाफ प्रतियोगिता संचालन | २००००.०० | |
| ७ | अरुणोदय आ. वि. मेशिनरी सहयोग | १०००००.०० | |
| ८ | नवदुर्गा प्रा. वि. घेरा पर्खाल | २०००००.०० | |
| ९ | महेन्द्र उ. मा. वि. छात्रवृत्ति | ६००००.०० | |
| १० | जनता बहुमुखी क्याम्पस घेरा पर्खाल | ५००००.०० | |
| ११ | स्वास्थ्य क्षेत्र विकास | १००००००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| १२ | सामुदायीक भवन निर्माण ( शौचालय ) | ३०००००.०० | |
| १३ | स्यालढुङ्गा खानेपानी | १५००००.०० | |
| १४ | पुडीनीया धारा खानेपानी तथा सिचांइ पोखरी निर्माण | २०००००.०० | |
| १५ | मोटेला खानेपानी निर्माण | ३०००००.०० | |
| १६ | सीमली रुख खानेपानी निर्माण | १५००००.०० | |
| १७ | उमाले खानेपानी निर्माण | १०००००.०० | |
| १८ | सिल्कीधारा खानेपानी मर्मत | १०००००.०० | |
| १९ | मुग्रा धारा खानेपानी निर्माण | १०००००.०० | |
| २० | सेरा खानेपानी पाइप खरीद | १०००००.०० | |

| | | | |
|---|---|---|---|
| २१ | स्यालढुङ्गा खानेपानी पाइप खरीद | ३५०००.०० | |
| २२ | वडवडा कालाआम पाइप खरीद | ३५०००.०० | |
| २३ | देवीधारा खानेपानी निर्माण | १०००००.०० | |
| २४ | भिडेखेत सि.पो. निर्माण | २१७८००.०० | |
| २५ | लक्षित वर्ग समुदायमा आधारित क्षमता विकास तथा सामाजिक क्रियाकलापहरु | ३०००००.०० | |
| २६ | कालिकादेवी मन्दिर पर्खाल निर्माण | १०००००.०० | |
| | जम्मा | ४०८७८००.०० | |
| **पुर्वाधार विकास** | | | |
| १ | स्वर्गीय डम्वर वहादुर स्वार स्मृति गाउँपालिका प्रवेश द्वार | ७०००००.०० | |
| २ | कालिकास्थान पचङ्गा सडक निर्माण | ३०००००.०० | |
| ३ | लाटाकामाडौं देखि स्वास्थ्य चौकी सडक निर्माण | ७०००००.०० | |
| ४ | साविक वडा नं १ देखि ६ सम्म सडक निर्माण | ४०००००.०० | |
| ५ | जनालीकोट-सलेना-तिमिल्सेन सडक स्तरोन्नती | २०००००.०० | |
| ६ | महिला सामुदायिक भवन निर्माण सलेना | २०००००.०० | |
| ७ | घट्टेखोला सिंचाइ कुलो निर्माण | २०००००.०० | |
| ८ | विद्युत लाइन विस्तार | ३५००००.०० | |
| ९ | डुम्नाउला सिचाई पोखरी | २०००००.०० | |
| | जम्मा | ३२५००००.०० | |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | | |
| १ | वडा कार्यालयको ट्रस निर्माण | ५०००००.०० | |
| २ | इलाका प्रहरी कार्यालय संचार व्यवस्थापन | १५०००.०० | |
| ३ | वार्षिक सार्वजिनक सनुवाइ कार्यक्रम | २००००.०० | |
| ४ | वडा भेला तथा नागरिक सुझाव संकलन | १५०००.०० | |
| ५ | विविध जनचेतनामुलक एवं सन्देशमुलक रेडीयो कार्यक्रम | ५००००.०० | |
| | जम्मा | ६०००००.०० | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | |
| १ | विपद पुनः लाभ | १५००००.०० | |
| | **कुल जम्मा** | ८,६११,०००.०० | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

# वडा नं. ३

| | | | |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| १ | कृषि क्षेत्र विकास- | २२०००.०० | केन्द्रिय कार्यक्रम अनुसार विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| २ | सहकारी कार्यालय व्यवस्थापन | १२५०००.०० | |
| | जम्मा | ३४५०००.०० | |
| **सामाजिक विकास** | | | |
| १ | २० जनालाइ सिलाइ कटाइ तालिम | २५००००.०० | |
| २ | ५ जनालाइ आरन तालिम | ४००००.०० | |
| ३ | २५ जना दलित तथा अपाङ्ग लाइ छात्रवृत्ति | ५००००.०० | |
| ४ | ज्येष्ठ नागरिकलाइ उपचार खर्च तथा सम्मान कार्यक्रम | १५०००.०० | |
| ५ | जनजाति आयआर्जन सहयोग | १००००.०० | |
| ६ | सडक नाटक, वक्तित्वकला, हाजिरी जवाफ प्रतियोगिता संचालन | ५००००.०० | |
| ७ | उच्च शिक्षा अध्ययन छात्रवृत्ति | १२५०००.०० | |
| ८ | युवा क्लव भलिवल प्रतियोगीता | १००००.०० | |
| ९ | क्षमता विकास क्रियाकलाप | ५००००.०० | |
| १० | गरिव तथा विपन्न, महिला, अशत्त सहयोग कार्यक्रम | १०००००.०० | |
| ११ | हाडागडा खानेपानी | १०००००.०० | |
| १२ | सुग्रा खानेपानी धारा निर्माण | १५००००.०० | |
| १३ | सिल्की धारा खानेपानी | १५००००.०० | |
| १४ | लामागाउँ धारा बरदादेवी | ५००००.०० | |
| १५ | बलढुङ्गा खानेपानी मर्मत | ५००००.०० | |
| १६ | स्वास्थ्य क्षेत्र विकास | १००००००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| | जम्मा | २२०००००.०० | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

| | | | |
|---|---|---|---|
| **पुर्वाधार विकास** | | | |
| १ | जयगढ वेलपाटा ग्रा.स. | २००००००.०० | |
| २ | जयगढ नन्देगडा ग्रा. स. | १००००००.०० | |
| ३ | धम्कोट प्रा. वि. घेरा पर्खाल | ४५००००.०० | |
| ४ | जनन्योती नि. मा. वि. घेरा पर्खाल मर्मत | ४०००००.०० | |
| ५ | नन्दा प्रा. वि. छाना मर्मत | १०००००.०० | |
| ६ | भाग्यश्वेरी प्रा. वि. फर्निचर मर्मत | १०००००.०० | |
| ७ | महिला सामुदायिक भवन निर्माण | ३०००००.०० | |
| ८ | छिपेखोला शवदाह निर्माण | ५००००.०० | |
| ९ | सरस्वती मा. वि. घेरा पर्खाल | १००००००.०० | |
| १० | छिपेखोला धामी गाउँ विद्युत मर्मत | २०००००.०० | |
| ११ | छिपेखोला बाघकरा सि.कु.निर्माण | १०००००.०० | |
| १२ | भडासैन सि पो निर्माण | १०००००.०० | |
| १३ | रामखोला खानेपानी | ५०००००.०० | |
| | जम्मा | ६३०००००.०० | |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | | |
| १ | मेशिनरी खरीद | १५००००.०० | |
| २ | सवारी साधन खरीद | २५००००.०० | |
| ३ | वार्षिक सार्वजिनक सुनुवाइ कार्यक्रम | २००००.०० | |
| ४ | वडा भेला तथा नागरिक सुझाव संकलन | १५०००.०० | |
| ५ | विविध जनचेतनामुलक एवं सन्देशमुलक रेडीयो कार्यक्रम | ३००००.०० | |
| ६ | फर्निचर | ४००००.०० | |
| | जम्मा | ५०५०००.०० | |
| | **कुल जम्मा** | ९३५००००.०० | |

## वडा नं. ४

| | | | |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| १ | कृषी क्षेत्र विकास कार्यक्रम | ३२००००.०० | केन्द्रिय कार्यक्रम अनुसार विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| २ | पशु विकास कार्यक्रम | ३५००००.०० | |
| ३ | साबुन उद्योग र रीठा प्रशोधन केन्द्र | ३०००००.०० | |
| ४ | तिमील्सैन सामुदायीक मिल | ३०००००.०० | |
| | जम्मा | १२७००००.०० | |
| **सामाजिक विकास** | | | |
| १ | मुग्राधारा खानेपानी धारा विस्तार | ४०००००.०० | |
| २ | सुकि बाग ठुलागडा खानेपानी | ५००००.०० | |
| ३ | चिउरे खानेपानी | ५००००.०० | |
| ४ | घट्टेपाटा मोटेला खानेपानी निर्माण | १०००००.०० | |
| ५ | तल्लो नावली मालुकाट्या खानेपानी निर्माण | ५००००.०० | |
| ६ | वल्केसैन खानेपानी निर्माण | १२५०००.०० | |
| ७ | अजीरावल खानेपानी योजना | ५००००.०० | |
| ८ | शिव मन्दिर निर्माण | १०००००.०० | |
| ९ | मष्टा देवताको मन्दिर क्रमागत | ४००००.०० | |
| १० | अलक नन्दा मा.वि. खेल-मैदान र घेरा पर्खाल निर्माण | ८०००००.०० | |
| ११ | आर्दश प्रा वि खेल मैदान निर्माण | २०००००.०० | |
| १२ | लैगिक सामानता तथा समावेशिकरण एवम् सामाजिक संरक्षण तथा लक्षीत वर्गको क्षमता अभिवृद्धि सम्बन्धि कृयाकलाप संचालन | ८००००.०० | |
| १३ | महिला सामुदायिक संस्था अध्यक्ष र मेनेजर तालिम | ५००००.०० | |
| १४ | दलीत सशक्तीकरण सम्बन्धि कृयाकलाप संचालन | ५००००.०० | |
| १५ | स्वास्थ्य क्षेत्र विकास | १००००००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम |
| १६ | खेलकुद सामग्री खरिद | ५००००.०० | |
| | जम्मा | ३१९५०००.०० | |

| | | | |
|---|---|---|---|
| **पुर्वाधार विकास** | | | |
| १ | तिमिल्सैन मुग्रा बान्नीगढी पर्यटकीय ग्रामिण सडक क्रमागत | ३५५०००.०० | |
| २ | रनेपाटा देखी वडा कार्यालय सम्मको सडक आर सी सी गर्ने | ७०००००.०० | |
| ३ | ढोगदीना हाँडाफुगा ग्रा.स.स्तरोन्नती क्रमागत | २०००००.०० | |
| ४ | सौतनेकोट देवाली सडक | २५००००.०० | |
| ५ | ढुंगेकोथलो अन्नेचुला देखी वर्दा देवी प्रा वि सम्म सडक | ४०००००.०० | |
| ६ | अलकनन्दा मा वि सौचालय छाना मर्मत | १५००००.०० | |
| ७ | खोप्चेपानी सिचाँई पोखरी निमार्ण | १०००००.०० | |
| ८ | बुगाले सिचाँई पोखरी निमार्ण | ५०००००.०० | |
| ९ | ढाडेखेत सरान सिँचाई कुलो क्रमागत | २०००००.०० | |
| १० | नावली सिचाँई कुलो निर्माण | १०००००.०० | |
| ११ | गाउँखेत सिँचाई पोखरी निर्माण | २०००००.०० | |
| १२ | सुवाखेत जाल्ला मोटेला सिचाँई कुलो निमार्ण | ६०००००.०० | |
| १३ | वददिवी प्रा वि भवन मर्मत तथा घेरा पर्खाल | २०००००.०० | |
| १४ | सहकारी घेरा पर्खाल | १०००००.०० | |
| १५ | वृक्षारोपण एवम् वन व्यवस्थापन | ४००००.०० | |
| १६ | विपन्न एवम् नागरीक सहायता कोष | ४००००.०० | |
| | जम्मा | ४१३५०००.०० | |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | | |
| १ | मेशिनरी खरीद | १२५०००.०० | |
| २ | फर्निचर खरीद | १२५०००.०० | |
| ३ | जनचेतनामुलक एवं सन्देशमुलक रेडियो कार्यक्रम | ५००००.०० | |
| ४ | कार्यालय भवन मर्मत | २५०००.०० | |
| | जम्मा | ३२५०००.०० | |
| | **कुल जम्मा** | ८९२५०००.०० | |

# वडा नं.५

| | | | |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| १ | कृषि विकास कार्यक्रम | ५०००००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| २ | पशु विकास कार्यक्रम | ४०००००.०० | |
| | जम्मा | ९०००००.०० | |
| **सामाजिक विकास** | | | |
| १ | अनिर्वाय तथा निशुल्क शिक्षा तथा शैक्षिक भ्रमण कार्यक्रम | १७००००.०० | |
| २ | जाल्पादेवी प्रा वि भवन निर्माण | ३०००००.०० | |
| ३ | नन्दा मा वि खेल मैदान निर्माण | ३५००००.०० | |
| ४ | नन्दा मा वि भवन मर्मत | ३०००००.०० | |
| ५ | शान्निकोट आ.वि.खेल मैदान निर्माण | ४०००००.०० | |
| ६ | कालापाटा बाल विकास केन्द्र स्थापना | १०००००.०० | |
| ७ | दिपेन्द्र प्रा वि भवन मर्मत | १५००००.०० | |
| ८ | थालाकोट खेलमैदान निर्माण | ५०००००.०० | |
| ९ | चाम्गडा खानेपानी मर्मत | २०००००.०० | |
| १० | भदैरे खानेपानी लिडि | ५००००.०० | |
| ११ | रिठे खोला खानेपानी स्वास्थ्य चौकी | ३०००००.०० | |
| १२ | स्वास्थ्य क्षेत्र विकास | १००००००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| १३ | विपन्न एवम् जेहेन्दार विद्यार्थी छात्रवृत्ति वित्तरण | ५००००.०० | |
| १४ | उत्कृष्ट शिक्षक सम्मान | १८०००.०० | |
| १५ | महिला बालबालीका दलीत उत्थान कार्यक्रम | ६०००००.०० | |
| | जम्मा | ४४८८०००.०० | |
| **[illegible]धार विकास** | | | |
| १ | वडमा रोटेमाडु देखी सान्नीकोट आ.वी ग्रा.स. | ७०००००.०० | |
| २ | नागरीक वन बादेगढी विरखम ग्रा.स. | २०००००.०० | |
| ३ | खन्नदक खादगडा ग्रा.स. | ४०००००.०० | |
| ४ | टुटेगडा सिँचाई कुलो मर्मत | २०००००.०० | |
| ५ | मष्टामाण्डौं सिँचाई कुलो मर्मत | ३०००००.०० | |
| ६ | लामाआम सिँचाई कुलो | २०००००.०० | |
| ७ | बाबै सिचाँई कुलो | २०००००.०० | |
| ८ | अम्लेझार सिँचाई कुलो | २५००००.०० | |
| ९ | तुरधार सिँचाई पोखरी निर्माण | २०००००.०० | |
| १० | मात्तडा सिँचाई कुलो निर्माण | ३५००००.०० | |
| ११ | आरमाटा लामाखेत सिँचाई कुलो | २०००००.०० | |
| | जम्मा | ३२०००००.०० | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

| संस्थागत विकास तथा सेवा प्रवाह | | | |
|---|---|---|---|
| १ | वडा कार्यालय मर्मत | १०००००.०० | |
| २ | मेशिनरी औजार खरीद | १०००००.०० | |
| ३ | वडा कार्यालय खानेपानी | १०००००.०० | |
| | जम्मा | ३०००००.०० | |
| | **कूल जम्मा** | ८८८८०००.०० | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

# वडा नं. ६

| | | | |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| १ | सहकारी प्रवद्धन | २०००००.०० | |
| २ | कृषि क्षेत्र विकास कार्यक्रम | ५०००००.०० | केन्द्रिय कार्यक्रम अनुसार विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| ३ | पशु विकास कार्यक्रम | ३७८६४०.०० | |
| ४ | पशु विकास थप कार्यक्रम | २१३६०.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| | जम्मा | ११०००००.०० | |
| **सामाजिक विकास** | | | |
| १ | पुजगाउँधारा मर्मत | १०००००.०० | |
| २ | थाप्सा धारा मर्मत | १०००००.०० | |
| ३ | पन्च देवल घेरा पर्खाल निर्माण | ५००००.०० | |
| ४ | कालीका मन्दीर ल्वाहरखडा | १०००००.०० | |
| ५ | नन्दामाता मन्दिर पानीखाल निर्माण | १०००००.०० | |
| ६ | नन्दामाता मन्दिर नगर दर्ना | १०००००.०० | |
| ७ | कालीका मन्दीर बाहुन टोल निर्माण | १०००००.०० | |
| ८ | भडार काटीया प्रा.वा.शि.भवन निर्माण | १०००००.०० | |
| ९ | पन्च देवल प्रा.वा.शि.घेरा पर्खाल निर्माण | ५००००.०० | |
| १० | उमादेवी प्रा.वा.शि. खेल मैदान | ५००००.०० | |
| ११ | काडाँकोट प्रा.वा.शि.स्थापना | १५००००.०० | |
| १२ | कोटवाडा प्रा.वा.शि.स्थापना | १५००००.०० | |
| १३ | कोटवाडा सार्वजनिक शौचालय निर्माण | १५००००.०० | |
| १४ | शिशु कल्याण आ.वि.घेरा पर्खाल | १०००००.०० | |
| १५ | पन्साली धारा मर्मत | १५००००.०० | |
| १६ | रामारोशन आ.वि.घेरा पर्खाल | २०००००.०० | |
| १७ | कालीका आ.वि.घेरा पर्खाल | १०००००.०० | |
| १८ | नन्दामाता आ.वि.घेरा पर्खाल | २०००००.०० | |
| १९ | बालकल्याण आ.वि.घेरा पर्खाल | २०००००.०० | |
| २० | ऐश्वर्य मा वि भवन निर्माण | १५०००००.०० | |
| २१ | विन्ध्यवासिनी मा वि घेरा पर्खाल | १००००००.०० | |
| २२ | विन्ध्यवासिनी भवन निर्माण | ८०००००.०० | |
| २३ | युवा क्लब सशक्तिकरण | १०००००.०० | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २४ | लैगिंक सामानता तथा समावेशिकरण एवम् सामाजिक संरक्षण तथा लक्षीत वर्गको क्षमता अभिवृद्धि सम्बन्धि कृयाकलाप संचालन | ५०००००.०० | |
| २५ | स्वास्थ्य क्षेत्र विकास | १००००००.०० | विषयगत कार्यलयसँग समन्वय गरी कार्यक्रम संचालन गरीने |
| २६ | कापडे सिचाई कुलो पानिखाल | १५००००.०० | |
| | जम्मा | ७३०००००.०० | |
| **पुर्वाधार विकास** | | | |
| १ | रामारोशन काडाँकोट सडक ट्र्याक निर्माण | १००००००.०० | |
| २ | घट्टेबगर नगर दर्ना सिँचाई कुलो | ६०००००.०० | |
| ३ | रातागौरे सिँचाई कुलो | २०००००.०० | |
| ४ | सैनी सिँचाई कुलो क्रमगत | ५०००००.०० | |
| ५ | चण्डाली पाटेखेत घोरेटो बाटो | १०००००.०० | |
| ६ | कोटवाडा धामीगाउँ घोरेटो बाटो | १०००००.०० | |
| ८ | सीलाने काडाँकोट घोरेटो बाटो | ५००००.०० | |
| ९ | नहर मर्मत | ५०००००.०० | |
| | जम्मा | ३०५००००.०० | |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | | |
| १ | मशिनरी औजार खरीद | १५००००.०० | |
| २ | फर्निचर खरीद तथा विविध | ३८००००.०० | |
| ३ | सार्वजनिक महत्व सम्बन्धि जनचेतनामुलक सन्देश प्रशारण | २००००.०० | |
| | जम्मा | ५५००००.०० | |
| | **कुल जम्मा** | १२००००००.०० | |

राजेन्द्र बहादुर खड्का
अध्यक्ष